# TRIBHUVAN UNIVERSITY

**FACULTY OF HUMANITIES & SOCIAL SCIENCES**

**Office of the Dean**

**Kirtipur, Kathmandu**

## विद्यावारिधि अध्ययनका लागि आवेदन खुल्ला गरिएको

## सूचना

मिति : २०८०।०९।१९

मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत (**एमफिल तह पूरा गरी सकेकाका लागि मात्र**) विद्यावारिधि तहमा भर्नाका लागि तपसिल अनुसार योग्यता पुगेकाहरुका लागि २०८० माघे सत्रमा आवेदन खुल्ला गरिएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवेदन फाराम मिति २०८०।०९।२२ गतेदेखि २०८०।१०।२१ गतेसम्म र दोब्बर दस्तुर सहित मिति २०८०।१०।२३ गतेसम्म पेस गर्न सकिने छ ।

१. आवेदकहरूले **एमफिल तह उत्तीर्ण गरी एमफिल तहमा कम्तीमा CGPA 3.0 वा द्वितीय श्रेणी प्राप्त** गरेको हुनुपर्ने छ ।

२. **एमफिल तहमा उत्तीर्ण गरेको विषयमा मात्र** विद्यावारिधि तहमा आवेदन दिन पाइनेछ ।

३. आवेदन फारामसँग एस.एल.सी. देखि एमफिल तहसम्मको सम्पूर्ण प्रमाणपत्र तथा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्ने छ । त्रि.वि.को स्थायी शिक्षक भए स्थायी नियुक्तिको प्रमाण पत्र पेस गर्नुपर्ने छ ।

४. **त्रि.वि. भन्दा अन्य विश्वविद्यालयबाट एमफिल उत्तीर्ण गरेका** आवेदकहरूले सो तहको **समकक्षताको प्रमाणपत्र** अनिवार्य रुपमा पेश गर्नुपर्ने छ । अन्यथा फारम भर्न पाइने छैन ।

५. डीन कार्यालयले **तोकिएको ढाँचामा शोध प्रस्ताव, एमफिल तहको शोधप्रबन्धको सारांश र आफूले लेखेको लेख** (Peer-reviewed article with single author) को तीन वटा फाइलमा एक-एक प्रति संलग्न गरी बुझाउनु पर्ने छ । साथै पेस गरेको शोध प्रस्तावको softcopy (word file), लेख र प्रकाशित भएको जर्नलको आवरण पृष्ठ तथा विषय सूचि सहितको स्क्यान कपि (scan copy) बुझाउनु पर्ने छ ।

६. रीत नपुगी प्राप्त आवेदन स्वतः रद्द हुनेछ तथा यसमा सङ्कायको कुनै जवाफदेहिता हुने छैन ।

७. उल्लेखित विषय बाहेकका विषयहरूमा विद्यावारिधि तहको अनुसन्धानमा सामेल हुन चाहने एमफिल वा सो सरहको परीक्षा उत्तीर्ण गरेका स्वदेशी तथा विदेशी उम्मेदवारहरूले डीन कार्यालय र सम्बन्धित केन्द्रीय विभाग/ विभागसँग परामर्श गरी **"दर्शनाचार्य तथा विद्यावारिधि कायक्रम सञ्चालन कार्यविधि २०७७"** को अधीनमा रही आवेदन दिन सक्ने छन् ।

८. आवेदकले डीन कार्यालयको ने.बै.लि., कीर्तिपुर शाखामा रहेको खाता नं. ०४५००१०००९९०४५००००१ मा रू.१५,०००/- ( अक्षेरुपी रु. पन्ध्र हजार मात्र । ) बुझाएको बैंक भौचर आवेदनसाथ पेश गर्नुपर्ने छ ।

सहायक डीन

नोटः अन्य जानकारीका लागि डीन कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ । भर्ना लगायत अन्य कुराहरूको जानकारी अर्को सूचनाद्वारा अवगत गराइने छ ।